# १६ औं नगरपरिषद बाट स्वीकृत

# हेटौडा नगरपालिकाको आर्थिक बर्ष २०६८/०६९ को नीति तथा कार्यक्रम

## लक्ष्य

हेटौडा नगरपालिका तथा आसपासका शहरोन्मुख गा.वि.स.क्षेत्रमा भइरहेको अव्यवस्थित शहरीकरणलाई **बृहतर हेटौंडा** (**Greater Hetauda**) को अवधारणा बमोजिम स्थानीयतहमा बिद्यमान अवसर तथा चुनौतीहरुलाई एकिकृत शहरी बिकासको माध्यमबाट सम्वोधन गरी आधारभूत तथा अत्याधुनिक शहरी सेवा सुविधा सहित वातावरणीय तथा आवासीय दृष्टिकोणबाट **स्वच्छ,** उद्यमशीलता र शैक्षिक बिकासको दृष्टिकोणबाट **सृजनशील** र उत्पादन तथा व्यवसायको दृष्टिकोणबाट **सम्बृद्ध औद्योगिक उपमहानगर** तर्फ उन्मुख हुने ।

## उद्धेश्य

नगरपालिका स्थापनाको चार दशक वीचमा भएको आर्थिक तथा सामाजिक बिकासको गति र त्यसले वर्तमानमा परिहेको प्रभाव समेतको विहंगम बिश्लेषणको आधारमा अगाडी सारिएको वृहत्तर हेटौडाको अवधारणा, हाल नगरपालिकाले तर्जुमा गरिरहेको दिर्घकालिन लक्ष्य र क्षेत्रगत गुरुयोजना सहितको आवधिक योजनाले परिकल्पना गरेको वातावरणीय तथा आवासीय दृष्टिकोणबाट **स्वच्छ,** शैक्षिक बिकासको दृष्टिकोणबाट **सृजनशील** र उद्यमशीलता र व्यवसाय प्रर्वद्धनको दृष्टिकोणबाट **सम्बृद्ध औद्योगिक नगर**को दिर्घकालिन लक्ष्य प्राप्तीका लागि उद्योग, व्यवसाय, शिक्षा, स्वास्थ्य, आवास जस्ता क्षेत्रमा बिद्यमान अपार संभावना र चुनौती समेतलाई ध्यानमा राखी देशले अंगिकार गरेको सहश्राब्दी विकास लक्ष्य, त्रि-वर्षीय योजना, राष्ट्रिय शहरी बिकास नीति, राष्ट्रिय योजना आयोगको मार्ग निर्देशन, स्थानीय विकास मन्त्रालयबाट समय समयमा जारि भएका मार्ग निर्देशन, नेपाल मानव विकास प्रतिवेदन, जिल्ला आवधिक योजना, नगरपालिका अनुदान संचालन कार्यविधि २०६७ समेतलाई आधार बनाई शहरी पूर्वाधार तथा भौतिक बिकास, साहित्य कला, संस्कृति र पर्यटन, शिक्षा, स्वास्थ्य र खेलकुद, गरिवी न्युनिकरण तथा लक्षित क्षेत्र बिकास, वातावरण तथा बिपद व्यवस्थापन, आर्थिक बिकास, बित्तीय बिकास, संस्थागत बिकाससंग सम्बन्धित नीति तर्जुमा, क्षेत्रगत कार्यक्रम तथा आयोजनाहरु र केही रणनीतिक परियोजनाहरु कार्यान्वयन गरी आर्थिक तथा सामाजिक उन्नतिमा नगरवासीहरुको पहुंच बृद्धि गर्नु नै आ.व.२०६८/०६९ को नीति तथा कार्यक्रमको मुख्य उद्धेश्य हुनेछ ।

## प्राथकिता

उपरोक्त उद्देश्य प्राप्तीका लागि नगरपालिकाबाट निम्न बमोजिमको प्राथमिकताको आधारमा विषयगत र क्षेत्रगत नीति, कार्यक्रम तर्जुमा गरिएको छ ।

१. आधारभूत तथा अत्याधुनिक शहरी सेवा सुविधा सहित **स्वच्छ, सृजनशील र सम्बृद्ध औद्योगिक नगर** को दिर्घकालिन लक्ष्य प्राप्तीका लागि उद्योग क्षेत्रको प्रर्वद्धन

२. शिक्षाको गुणस्तर तथा स्तरोन्नती सम्बन्धित निकायहरुसंग सहकार्य,

३. सुरक्षित आवासका लागि बिद्यमान नीतिहरुमा समसामयिक परिमार्जन र सरोकार निकायहरुसंग सहकार्य

४. बित्तीय बिकेन्द्रिकरणको अवधारणा अनुसार नगरपालिकाले लगाउन र उठाउन पाउने कर तथा गैरकर राजश्वका थप क्षेत्रहरुको पहिचान, संकलन तथा व्यवस्थापनमा निजी क्षेत्रसंगको सहकार्य, राजश्व सम्बन्धी सूचना तथा तथ्यांकको बैज्ञानिक अभिलेखिकरण र एकिकृत नगर सूचना प्रणालीको बिकास गरी उपलब्ध श्रोतहरुको अधिकतम परिचालन गर्ने,

३. शहरी आधारभूत सेवाहरु जस्तै सडक यातायात संजाल विकास, विस्तार एवं स्तरोन्नती, फुटपाथ सुधार, संचार, ढल निकास, सरसफाई एवं वातावरण सन्तुलन र बिकास, सिंचाइ तथा खहरे नियन्त्रण गर्ने,

४ महिला, वालवालिका, अशक्त अपांग, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, पिछडिएका वर्ग र अति गरीव तथा सिमान्तकृत समुदायको विकास,

५. राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका स्थानीय सरकार, स्थानीय निकायसंग सम्बन्धित संघसंस्थाहरुसंग भातृत्वपूर्ण सम्बन्ध बिकास तथा बिस्तार गर्ने,

६. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, संचालन तथा व्यवस्थापनसंग सम्बन्धित सूचना तथा तथ्यांकहरुलाई सूचना प्रविधिको अधिकतम उपयोग गरी नगरपालिका सूचना प्रणाली ( Municipal Information System MIS) मा आवद्ध गर्ने,

७. नगरपालिका तथा सरोकारवालाहरुको संस्थागत क्षमता सुदृढिकरणका लागि नगर क्षमता बिकास योजना कार्यान्वयन,

८. शिक्षा, संस्कृति, भाषा, साहित्य एवं खेलकुदको योजनाबद्ध बिकास,

९. पर्यटन क्षेत्रको विकासमा सहकार्य

१०. समुदायमा आधारित टोल विकास संस्थाहरु र अन्य सहयोगी संघसंस्थाहरुको सशक्तिकरण

११. क्रमागत योजनाहरुको संचालन ।

## नीति तथा कार्यक्रम

**(१) शहरी पूर्वाधार तथा भौतिक संरचना बिकास नीतिः**

१। बृहतर हेटौंडा (Greater Hetauda) को अवधारणा अनुसार हेटौंडा तथा आसपासका नगरोन्मुख गा.वि.स.हरु समेतको एकिकृत एवं दीर्घकालिन विकासको लागि विषयगत तथा क्षेत्रगत विशेषज्ञहरुको सहयोगमा तर्जुमा भइरहेको बृहत हेटौंडाको दिर्घकालिन योजना (Perspective plan), सोही आधारमा तर्जुमा भइरहेको पञ्चवर्षीय विषयगत तथा क्षेत्रगत कार्ययोजना सहितको आवधिक नगर विकास योजना कार्यान्वयनमा ल्याइनेछ ।

२। बृहतर हेटौंडाको अवधारणा अनुसारको दिर्घकालिन सोच अनुसार नगरपालिकासंग सिमा जोडिएका शहरोन्मुख गा.वि.स.हरुमा भइरहेको शहरीकरण तथा पूर्वाधार विकासलाई व्यवस्थित गर्ने सम्बन्धमा यस अघि जि.वि.स.मकवानपुर र छिमेकी वसामाडी, हांडीखोला, पदमपोखरी, चुरियामाई, हटिया, हर्नामाडी, गढी र भैसे गा.वि.स.हरु वीच भएको सहमति अनुसार आवश्यकता र औचित्यताको आधारमा आपसी हित र दिर्घकालिन लक्ष्य निहित नमुना परियोजनाहरु संचालन गर्ने र ती गा.वि.स.हरुको आन्तरिक र संस्थागत क्षमता अभिबृद्धिका लागि प्राविधिक सहयोग उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

३। नगरपालिका क्षेत्रमा संचालन गरिने पूर्वाधार वा सामाजिक बिकाससंग सम्बन्धित कुनै पनि कार्यक्रम वा परियोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा संचालन व्यवस्थापन चरणहरुमा सामाजिक सूरक्षा, वातावरणीय सन्तुलन (Social and Environment Safeguard EMS) तथा प्रकोप व्यवस्थापन पक्ष (Disaster Management plan DMP) समेतलाई ध्यानमा राखी आयोजनाहरुको निर्माण गर्ने नीति अवलम्बन गर्ने र केही नमुना आयोजनाहरु जस्तै मूख्य बजार क्षेत्रभित्र फुटपाथ पेभिङ.,

कान्तिराजपथ, ढल पुनर्निर्माण र सुधार र पारिजातपथ नमुना सडक जस्ता आयोजनाहरु कार्यान्वयनमा ल्याइनेछ ।

४। नगरपालिका क्षेत्रभित्रका व्यापारिक क्षेत्र, आवासीय क्षेत्र, निजी क्षेत्रबाट बिकास गरिएका (प्लटिङ्ग) क्षेत्रहरुमा भौतिक तथा सामाजिक बिकासका कार्यक्रमहरु संचालन गर्दा लाभग्राहीवर्गको स्वामित्व र जिम्मेवारी प्रर्वद्धन गर्न साविकको लागत सहभागिता नीतिमा समसामयिक परिमार्जन गरी भू उपयोगको आधारमा न्यायोचित लागत सहभागिताको नीति कार्यान्वयनमा ल्याइनेछ ।

५। लागत सहभागिता संचालन गरिने आयोजनाहरु कार्यान्वयन गर्दा वातावरणमैत्री आयोजना बनाउने तर्फ सम्बन्धित उपभोक्ता समितिहरुलाई जिम्मेवार बनाउने नीति लिइनेछ भने सम्पन्न भएका आयोजनाहरुको संचालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित उपभोक्ता समितिहरुलाई नै हस्तान्तरण गर्ने नीतिलाई थप प्रभावकारी बनाइनेछ ।

६। नगरपालिकाले निर्माण गरेको भौतिक संरचना तथा कार्यालयको स्वामित्वमा रहेका यान्त्रिक उपकरणहरुलाई मर्मत सम्भार कोष मर्मत व्यवस्थित गर्ने नीतिलाई प्रभावकारी बनाइनेछ ।

७। शहरीकरणलाई व्यवस्थित गर्ने उद्देश्यले कार्यान्वयनमा आएको भवन तथा योजना मापदण्ड सम्बन्धी निर्देशिका २०५९ र नगरक्षेत्रभित्र निर्माण हुने भौतिक संरचनाहरुलाई भुकम्पीय जोखिम न्यूनिकरण गर्ने उद्देश्यले २०६७ माघ १ गतेदेखि कार्यान्वयनमा आएको राष्ट्रिय भवन संहिता (NATIONAL BUILDING CODE) क्रमशःव्यवस्थित गर्दै जाने आसपासका गा.वि.स.हरुमा समेत कार्यान्वयनका लागि सहजिकरण, समन्वय र सहकार्य गरिनेछ ।

८। शहरी आधारभूत सेवा तथा सुविधाको उत्पादन, वितरण तथा व्यवस्थापनमा सावजनिक निजी साझेदारी Public Private Partnership PPP अवधारणा प्रर्वद्धन गर्न संचालनमा रहेका साझेदारी परियोजनाहरु मध्ये कम प्रभावकारी सिद्ध भएका परियोजनाहरुका सम्बन्धमा बैकल्पिक व्यवस्था गर्ने, सफल आयोजनाहरु प्रभावकारीताको आधारमा निरन्तरता दिने र शहरी सेवा केन्द्र, धुम्ति शौचालय जस्ता नया आयोजना कार्यान्वयन गरिनेछ ।

९। नगरक्षेत्रभित्रका बिद्यमान सडक संजालहरु मध्ये सार्वजनिक लगत कट्टा हुन वांकी सडकहरुको लगत कट्टा गर्ने र सार्वजनिक सम्पत्ति (जग्गा) को संरक्षणमा र उपयोग सम्बन्धी बिशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१०। नगरक्षेत्रको सडक संजालहरु मध्ये यस बर्ष एउटा सडकलाई कालोपत्रे स्तरीकरण, फुटपाथ, नाली, बृक्षारोपण र पैदलयात्रु पथ सहित नमुना सडक आयोजना कार्यान्वयन गरिनेछ ।

११। TCN क्षेत्रको वांकी जग्गा, राप्ती नदी उकास जग्गा, रोपवेले चर्चेको सरकारी जग्गा लगायत अन्य सार्वजनिक जग्गा नगरपालिकाबाट संरक्षण र सर्म्बद्धन गर्न गृहकार्य गरिनेछ ।

१२। शहरी तथा वातावरणीय सुधार परियोजना अन्तर्गत सम्पन्न भएका भूमिगत ढल, प्रदुषित पानी प्रशोधन केन्द्र, वृहत खानेपानी, वाल पौडिपोखरी लगायतका परियोजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीति,नियम, निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याउन थप पहल गरिनेछ ।

१३। खानेपानी व्यवस्थापन बोर्डको प्रभावकारी संचालनको लागि सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाईनेछ ।

१४। नगरक्षेत्रभित्र अव्यवस्थित रुपमा रहेको अटोमोवाइल, अटोमेकानिक्स जस्ता व्यवसायलाई व्यवस्थित गर्न सरोकारवालाहरुसंगको सहकार्यमा एकिकृत अटोल्याण्ड निर्माणको लागि बिस्तृत सम्भाव्यता अध्ययन गरी चरणगत रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

१५। भौतिक तथा पूर्वाधार बिकाससंग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन सम्बन्धी सम्पूर्ण कामहरु सम्बन्धी सूचना तथा तथ्यांक भौगोलिक सूचना प्रणाली मार्फत नगरपालिकाको सूचना प्रणाली (Municipal Information System MIS) मा आवद्ध गर्ने र यसको उपयोगस्तरलाई थप प्रभाकारी बनाइनेछ ।

१६। भौतिक पूर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चितताका लागि सुपरिवेक्षण तथा अनुगमन कार्यलाई नियमित बनाई थप प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

**(२) आर्थिक प्रशासन तथा राजस्व परिचालन नीतिः**

नगरस्तरीय राजश्व परामर्श समिति तथा राजश्व प्रक्षेपण सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेखित सुझाव एवं सिफारिस, मकवानपुर उद्योग वाणिज्य संघ, उद्योग संघ हेटौडा, एकिकृत योजना तर्जुमा समिति लगायतका अन्य सरोकारवाला व्यक्ति, संघसंस्थाहरुबाट प्राप्त सुझावलाई आधार मानी आगामी आ.व.२०६८।०६९ को लागि निम्न बमोजिमको राजश्व परिचालन नीति तर्जुमा गरिएको छ ।

१। प्रचलित कानून बमोजिम जिल्ला बिकास समिति र नगरपालिका बीचमा राजश्व वांडफांड सम्बन्धी कामलाई प्रचलित ऐन कानून तथा नेपाल सरकारद्धारा जारी गरिएका नीति, मार्गदर्शन र कार्यविधि बमोजिम व्यवस्थित बनाइ राजश्व अभिबृद्धि गरिनेछ ।

२। प्रचलित स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ बमोजिम नगरपालिकाले लगाउन उठाउन पाउने बहालकर संकलनलाई प्रभाबकारी बनाउन यस सम्बन्धमा मकवानपुर उद्योग बाणिज्य संघ लगायतका संघ संस्था संगको परामर्शमा तयार गरिएको क्षेत्रगत बर्गीकरण अनुसारको घरबहाल दरलाई आधार बनाई क्रमशः कार्यान्वयनमा ल्याउने र यो कर संकलन कार्यलाई सरल र सहज बनाउन आन्तरिक राजश्व कार्यालय र नगरपालिका मध्ये कुनै एक निकायबाट हुने गरी नीतिगत व्यवस्था गर्न सम्बन्धित निकायहरुमा अनुरोध गर्ने र उल्लेखित नीतिगत ब्यबस्था नभए सम्म ब्यबसाय दर्ता तथा नवीकरण गर्दा बहालकर तिर्न योग्य ब्यबसायी वा करदाताहरुबाट क्षेत्रगत बर्गीकरणका आधारमा बहालकर संकलन गर्ने व्यवस्था गरिनेछ ।

३। प्रचलित स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ बमोजिम नगरपालिकाले निर्माण गरेको सडकहरुमा लगाउन उठाउन पाउने सबारीकर संकलन कार्यलाई ब्यबस्थित एवं प्रभावकारी बनाउन सार्बजनिक निजी साझेदारी अबधारणा अनुसार नारायणी यातायात ब्यबसायी संघ लगायत टोल बिकास संस्थाहरुसंग सहकार्य गर्न तुलनात्मक लाभ लागत समेत अध्ययन गरी उपयुक्त बिकल्प सहित व्यवस्थित गर्न पहल गरिनेछ ।

४। नगरपालिकाले नगरको सरसफाई गर्ने काम आफैं र सार्बजनिक निजी साझेदारी अबधारणा अर्न्तगत निजी सेबा प्रदायकहरुबाट गराउंदै आइरहेको तर नगरपालिकाले यस सम्बन्धी सेबा शुल्क संकलन नगरी निजी सेबा प्रदायकहरुबाटै शुल्क संकलन कार्य गर्दै आएकोमा नगरको सफाईका लागि लाग्ने लागत र नगरबासीले यसका लागि गरेको योगदान नगरपालिकाको आय ब्ययमा नदेखिएको हुंदा यसलाई ब्यबस्थित बनाउन सफाई सेबाको क्षेत्रगत वर्गीकरण गरी नगरपालिका आफैंले सरसफाई सेवा शुल्क उठाउने सम्बन्धमा सरल र सहज उपायहरुको अध्ययन गर्ने र यो ब्यबस्था नभए सम्मको लागि हाल कार्यरत निजी सेबा प्रदायकहरुबाट संकलन भैरहेको शुल्कलाई नगरपालिकाको आन्तरिक आयमा समाबेश गर्न प्रक्रियागत ब्यवस्था गरिनेछ ।

५। प्रचलित स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ बमोजिम नगरपालिकाले लगाउन उठाउन सक्ने एकीकृत सम्पत्तिकर लागु गर्दा आ.व.२०६५।०६६ को लागि निर्धारित मालपोत (भूमीकर) तथा घरजग्गाकर वापत लाग्ने रकमको ७५ प्रतिशत सम्म मात्र थप गरी बांकी रकम छुट गरिएकोमा आगामी आ.ब.२०६८।०६९ का लागि सोही आधार बर्ष आ.व.२०६५।०६६ मा लाग्ने रकमको १०० % (शतप्रतिशत) मात्र थप गरी बांकी कर रकम छुट दिइनेछ । साथै यो करलाई थप ब्यबस्थित एवं प्रभावकारी बनाउन करदाताहरको तथ्यांक अद्याबधिक गर्न मालपोत कार्यालय लगायतका निकायहरुसंग समन्वय एवं

सहकार्य गर्ने, अद्यावधिक भैसकेको करदाताहरुको तथ्यांकका आधारमा नमुना वडा छनौट गरी अग्रिम कर बीजक जारी गरी कर संकलन गर्ने कार्य थालनी गरिनेछ ।

६। प्रदुषण गर्नेले मूल्य चुकाउनु पर्छ (Polluters Should Pay) भन्ने विश्वव्यापि सिद्धान्तको आधारमा नगरपालिकाले प्रत्यक्ष वा परोक्ष रुपमा वातावरण प्रदुषण गर्ने उद्योग, संघ संस्था, व्यवसायी, व्यक्तिहरुबाट प्रदुषण शुल्क संकलन गर्ने र वातावरण संरक्षणमा क्रियाशील संघ संस्था व्यक्तिहरुलाई सहयोग गर्न एक **वातावरण संरक्षण कोष स्थापना** गर्ने तर्फ गृहकार्य सहित पहल गरिनेछ ।

७। प्रचलित स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ बमोजिम नगरपालिकाले लगाउन उठाउन सक्ने व्यवसायकर तथा विज्ञापनकर संकलन गर्ने कार्यमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार नगरपालिका र मकवानपुर उद्योग वाणिज्य संघ वीचको साझेदारीलाई समयसापेक्ष रुपमा परिमार्जन गरी थप प्रभावकारी बनाइनेछ ।

८। नगरक्षेत्र भित्र निर्माण भएका सडक तथा अन्य पूर्वाधार संरचनाहरु विशेषतः सडकको उपयोगमा क्षमता भन्दा वढि भार वहनको कारण हुने क्षतिको न्युनिकरण र मर्मत सम्भारलाई व्यवस्थित बनाउन सरोकारवाला व्यक्ति वा निकायहरुसंगको समन्वय र सहकार्यमा संभाव्य स्थानहरुबाट सडक मर्मत संभार शुल्क संकलन गरी थप राजश्व संकलन गर्ने व्यवस्था मिलाइनेछ ।

९। नगरको मूख्य बजार क्षेत्र तथा आसपासका सार्वजनिक सडक दायावायां मौसमी व्यवसाय गर्ने ठेला तथा अन्य व्यवसायीहरुलाई सूचिकृत गरी त्यस्ता व्यवसायीहरुबाट सरसफाई शुल्क संकलन गरी थप राजश्व परिचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

१०। भवन वा संरचनाहरु निर्माण गर्दा सार्वजनिक सडकको दायावाया नालीमा निर्माण सामाग्री राख्ने प्रबृति बढिरहेको र जसको कारण नाली पुरिन गई सडक भत्किने, फोहर थुप्रिने जस्ता समस्यामा व्यापक बृद्धि भइरहेको सन्दर्भमा यसलाई व्यवस्थित गर्न आगामी आ.व.देखि नगरपालिकाको अनुमति बेगर निर्माण सामाग्री राख्न निषेध गर्ने, अनुमति दिंदा निश्चित समयको लागि मात्र अनुमति दिने र अनुमतिको उलंघन गरेमा सामान जफत र जरिवाना गर्ने प्रकृयागत व्यवस्था मिलाईनेछ ।

११। नगरपालिकाको हालको लेखा प्रणालीमा परिमार्जन गरी प्रोदभावी लेखा प्रणाली (Accrual Accounting System, AAS/ Corporate Accounting System CAS) सम्बन्धी आधारभूत प्रावधानहरु चरणगत रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

१२। राजश्व परिचालनलाई व्यवस्थित एवं प्रभावकारी बनाउन तथ्यांक संकलन कार्यलाई प्राथमिकतापूर्वक सम्पन्न गर्नु पर्ने र संकलित तथ्यांकलाई व्यवस्थित, भरपर्दो एवं पारदर्शी बनाउन बिद्यमान राजश्व शाखाको भौतिक पूर्वाधार सुधार तथा क्षमता अभिबृद्धिका साथै संलग्न कर्मचारीहरुलाई उत्प्रेरित गर्ने कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।

१३। बक्यौता बेरुजु एवं पेश्की फछ्यौंट गर्ने कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी असुल उपर गर्नु पर्ने रकम कडाईका साथ असुल उपर गर्ने नीतिलाई थप प्रभावकारी बनाइनेछ ।

१४। उपभोक्ता मार्फत संचालन गरिने कुनै पनि आयोजनाको संम्झौता गर्नु अगावै उपभोक्ता तथा अनुगमन समितिका पदाधिकारीहरुले नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने कर राजश्व चुक्ता गर्न अनिवार्य गरिनेछ ।

१५। बित्तिय व्यवस्थापनसंग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन सम्बन्धी सम्पूर्ण सूचना तथा तथ्यांकलाई नगरपालिका सूचना प्रणाली (Municipal Informations System MIS) मा आवद्ध गरी प्रभावकारी बनाइनेछ ।

**(३) आर्थिक तथा सामाजिक विकास नीतिः**

**क. अध्ययन अनुसन्धान, वातावरण, स्वास्थ्य र सरसफाई नीतिः**

१। वहुक्षेत्रगत लगानीको अवधारणा (Multi Sectoral Inverstment Aproach) अनुसार नगर तथा आसपासका क्षेत्रको भौगोलिक तथा प्राकृतिक श्रोत साधन, बिद्यमान संभावना तथा चुनौती समेतको आधारमा आर्थिक तथा सामाजिक बिकासमा दुरगामी प्रभाव दिने प्रकृतिका **ठूला तथा रणनीतिक महत्वका आयोजना**हरुको पहिचान, आवश्यक पर्ने श्रोत साधन तथा संभाव्य लगानीका श्रोतको आंकलन गर्ने कामको थालनी गरिनेछ ।

२। देशकै ठूलो हेटौडा औद्योगिक क्षेत्र बिस्तार गरी औद्योगिक पूर्वाधार सहितको बिशेष आर्थिक क्षेत्र (Special Economic Zone SEZ) निर्माण गर्न गराउन र औद्योगिक क्षेत्र भित्र औद्योगिक मैत्री वातावरण वनाइ राख्न र यसका लागि नीतिगत र व्यवस्थापकीय सुझाव दिन र सरोकार निकायहरु वीच समन्वयनका लागि नगरपालिकाको संयोजकत्वमा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, हेटौडा उद्योग संघ, मकवानपुर उद्योग वाणिज्य संघ, जि.वि.स.मकवानपुर लगायतका निकायहरुको प्रतिनिधित्व रहने गरी एक **औद्योगिक वातावरण प्रर्वद्धन समिति** गठनको लागि गृहकार्य गरिनेछ ।

३। हेटौडालाई क्षेत्रीय शैक्षिक केन्द्र (Regional Educational Hub) को रुपमा बिकास गरी भविष्यमा बिश्व बिद्यालय स्थापना गर्न प्रारम्भिक पूर्वाधारको रुपमा बिश्व बिद्यालय, उच्च शैक्षिक संस्था, अनुसन्धान संस्थाहरु, बिज्ञहरु, शोध तथा अनुसन्धानकर्ताहरुको दक्षता नगरको दिर्घकालिन सोच, रणनीतिक योजना तर्जुमा, शहरी बिकास तथा अन्य आर्थिक सामाजिक बिकासका सवालहरुमा सहभागिता प्रवर्द्धन गर्न त्यस्ता व्यक्ति, निकायहरुको सहकार्यमा **नगरस्तरीय अनुसन्धान तथा बिकास संयन्त्र** (City Level R&D Mechanism) स्थापना गरी शहरीकरण, गाउ तथा शहर विचको अन्तरसम्बन्ध, वन तथा वातावरण, सामाजिकिकरण, योजना तर्जुमा, कार्यान्वयन पद्धति, आर्थिक तथा सामाजिक क्षेत्रमा परेको प्रभाव आदि जस्ता क्षेत्रमा गरिने अध्ययन अनुसन्धान कार्यमा समन्वय र सहकार्य गर्ने नीतिलाई थप प्रभावकारीता सहित निरन्तरता दिइनेछ ।

४। सूचना प्रविधिको क्षेत्रमा आएको क्रान्ति र नयापुस्ताको यस प्रतिको लगाव समेतलाई ध्यानमा राखी नगरपालिका तथा अन्य सरकारी तथा गैरसरकारी निकाय, संस्थागत तथा व्यवसायिक क्षेत्रबाट प्रदान गरिने सेवा सुबिधाहरुलाई सूचना प्रविधि (Inforamaition & Communication Technology को अधिकतम उपयोग गरी एकद्धार प्रणालीबाट दिन र लिन सकिने अपार संभावनालाई मध्यनजर गरी बिकास गरिएको **Digital Hetauda (Cyber City) 2020** परियोजनाको बिस्तृत संभाव्यता अध्ययन गरिनेछ भने यसको प्रारम्भिक कार्यको रुपमा आगामी आ.व.भित्र नगरपालिकाको प्रशासकीय भवन आसपासमा रहेको सरकारी निकायहरुलाई सूचना प्रविधिको संजालमा आवद्ध गरी सरकारी निकायहरुवीचको संचार र समन्वयलाई सहज र सरल बनाउने कार्यको थालनी गरिनेछ ।

५। गाउं नगर वीचको आर्थिक अन्तरसम्बन्ध बिकास तथा बिस्तारका लागि सरकारी तथा गैरसरकारी निकायहरुसंगको सहकार्यमा एउटा **कृषि उपज बजार प्रवर्द्धन केन्द्र (Open Market)** स्थापना गर्न पहल गरिनेछ । कृषिमा आधारित पकेट क्षेत्रहरु पहिचान गरी कृषि उत्पादनका लागि कृषक तथा सो संग सरोकार राख्ने संघसंस्थाहरुसंगको सहकार्यमा सहयोगी कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

६। नगरपालिकाबाट संचालन गरिएका ठूला तथा रणनीतिक महत्वका आयोजनाहरुले नगरको आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभाव थाहा पाउन र आगामी योजनाहरु तर्जुमालाई वस्तुपरक बनाउन यस्ता आयोजनाहरुको प्रभाव मूल्यांकन गरिनेछ ।

७। नगरक्षेत्रबाट निस्कने फोहरलाई दिर्घकालिन रुपमा व्यवस्थित गर्न व्यवस्थित ल्याण्डफिल साइट, पशुवधशाला निर्माण, अटो ल्याण्ड, तरकारी तथा फलफुल थोक बिक्रि केन्द्र जस्ता रणनीतिक महत्वका आयोजना संचालनका लागि संभाव्य क्षेत्रहरु पहिचान गरी **प्रारम्भिक वातावरणीय परिक्षण (Initial Enironment Examination IEE)** तथा **संभाव्यता अध्ययन Feasibility Study** जस्ता

आधारभूत काम सम्पन्न गरि जग्गा प्राप्ती लगायत आर्थिक तथा भौतिक सहयोगको लागि नेपाल सरकारको सम्बन्धित निकायमा पहल गरिनेछ ।

८। नगरपालिकाले फोहर बिसर्जनको लागि अस्थायी रुपमा प्रयोग गरिरहेको सिसौघारी नजिकको नदि उकास जग्गा सम्म पुग्ने पहुंचमार्गको स्तरोन्नती र संरक्षणका लागि तारवार गरिनेछ भने जैविक फोहरबाट मल उत्पादन गर्ने उद्देश्यले निर्माण गरिएको **सामुदायिक कम्पोष्ट केन्द्र** संचालनका लागि टोल बिकास संस्था, भुटनदेवी सामुदायिक वन उपभोक्ता समिति, फोहर संकलनमा संलग्न निजी सेवा प्रदायक तथा अन्य संघसंस्थाहरुसंगको सहकार्यमा नमुना वडा छनौट गरी 3R (Reduce, Reuse, Recycling) अवधारणा अनुसार फोहरलाई जैविक र अजैविक रुपमा छुट्याउने कार्यको थालनी गर्ने र कम्पोष्टमलको परिक्षण उत्पादन सुरु गरिनेछ ।

९। फोहर व्यवस्थापन कार्यमा नागरिकहरुको भूमिकालाई प्रभावकारी बनाउन नगरक्षेत्रलाई व्यापारिक तथा आवासीय महत्वको आधारमा बिभिन्न क्षेत्रमा बिभाजन गरी सचेतना जगाउन **बिशेष सरसफाई कार्यक्रम** संचालन गरिनेछ भने मूख्य बजार क्षेत्रभित्र एउटा **नमुना सरसफाई क्षेत्र** कार्यक्रम संचालन गरिनेछ ।

१०। नगरपालिकाको हालको फोहर व्यवस्थापन प्रणालीमा समय सापेक्ष सुधार गर्न एकिकृत दिगो फोहर व्यवस्थापन वा समुदायमा आधारित बिकेन्द्रिकृत फोहर व्यवस्थापन नीति तर्जुमा गरी यस क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रुपमा सरोकार राख्ने निकायहरुसंगको सहकार्यमा **Zero Waste कार्यक्रम** कार्यान्वियनमा ल्याइनेछ ।

११। यस वर्ष ३९ औ बिश्व वातावरण दिवसको दिनबाट आरम्भ भएको कालो प्लाष्टिक झोला प्रतिवन्ध अभियानलाई यससंग सरोकार राख्ने सम्पूर्ण निकायहरुसंगको समन्वय र सहकार्यमा व्यापक र बिस्तार गरी **प्लाष्टिक प्रदुषणमुक्त नगर** बनाउने नीतिलाई बिशेष कार्यक्रम सहित थप प्रभावकारी बनाइनेछ ।

१२। वातावरण संरक्षण तथा सम्बर्द्धनको क्षेत्रमा टोल विकास संस्था र वातावरण सुधार समन्वय समिति जस्ता सहयोगी संस्थाहरुसंगको भूमिकालाई थप प्रभावकारी बनाउन यस सम्बन्धी नीतिमा सुधार गरी अनुमगन तथा मूल्यांकन पद्धतिको आधारमा प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

१३। नगरलाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गर्ने लक्ष्य अन्तर्गत बिभिन्न बिकास साझेदारहरुसंगको सहकार्यमा घर घरमा शौचालय बनाउने अभियानलाई थप प्रभावकारी बनाईने छ । शौचालय नबनाउने व्यक्तिहरुलाई नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधा रोक्का गर्न सकिने नीति लिइनेछ ।

१४। नगर क्षेत्रलाई प्रदुषण मुक्त क्षेत्रको रुपमा विकास गर्न प्रदुषणमुक्त सवारी साधनको संचालन गर्न प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१५। नेपाल सरकारको नीति अनुसार जिल्ला जनस्वास्थ्य कार्यालयसंगको सहकार्यमा शहरी स्वास्थ्य सेवा संचालनमा ल्याइनेछ भने अन्य सरकारी तथा गैरसरकारी निकायहरुसंगको साझेदारीमा संचालित स्वास्थ्यक्षेत्रसंग सम्बन्धित कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१६। स्वस्थ्य नगर अभियान अन्तर्गत दृष्टिविहिनता निवारण, स्त्री तथा प्रशुति सेवा सुधार तथा बिस्तारका लागि अस्पताल भौतिक पूर्वाधार सुधार, पाठेघरको क्यान्सर बिरुद्ध अभियान जस्ता कार्यक्रमहरुमा हेटौडा सामुदायिक आंखा अस्पताल, हेटौडा अस्पताल लगायतका निकायहरुसंग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१७। नेपाल सरकारले जारी गरिएको बिपद व्यवस्थापन निर्देशिका बमोजिम स्विकृत प्रकोप व्यवस्थापन योजना अनुसार प्रकोपको पूर्व तयारी, उद्धार र पुनस्थापनासंग सम्बन्धित कामहरुलाई अन्य सरोकार निकायहरुसंगको समन्वय र सहकार्यलाई व्यवस्थित गर्न प्रकोप व्यवस्थापन कोष परिचालन गरिनेछ ।

१८। वारुणयन्त्र सेवालाई प्रभावकारी बनाउन नेपाल सरकारले जारी गरेको बारुणयन्त्र संचालन सम्बन्धी निर्देशित निर्देशिकाको अधिनमा रही वारुणयन्त्र परिचालन निर्देशिका तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१९। नगरक्षेत्रभित्र बिक्रि बितरण गरिने सेवा वा बस्तुको गुणस्तर कायम गर्न र उपभोक्ताहरुको हित संरक्षण गर्न सरकारी निकाय तथा उपभोक्ता मंचसंगको सहकार्यमा उपभोग्य वस्तु तथा सेवाको गुणस्तर निश्चितता कायम गर्न गराउन अनुगमन सम्बन्धी बिशेष कार्यक्रम संचालनमा ल्याइनेछ ।

**ख. समुदाय विकास नीतिः**

१। समुदाय परिचालन तथा बिकासका लागि सहयोगी संस्थाको रुपमा स्थापना गरिएका टोल बिकास संस्था, वातावरण सुधार समन्वय समिति, आमा समुह, महिला स्वयं सेविका, वाल संरक्षण समिति जस्ता संजालहरु पृथक पृथक निकायको रुपमा काम गर्दा लक्षित क्षेत्रका कार्यक्रमहरुमा दोहरोपनाको अवस्था श्रृजना भइरहेको र काममा असहजता आइरहेको हुंदा यसलाई व्यवस्थित बनाउन **वडा तथा नगर स्तरीय एकिकृत संजाल** निर्माण गर्ने र त्यस्ता संजालहरुलाई सशक्तिकरण गर्न नीतिगत व्यवस्था गरिनेछ ।

२। नगरपालिकाद्धारा संचालन गरिने सिप तथा स्वरोजगारमूलक, क्षमता अभिबृद्धि कार्यक्रमहरु लागत सहभागिताको आधारमा सम्बन्धित सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको सहकार्यमा संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३। नगरपालिकाद्धारा संचालनमा ल्याएका समुदाय विकास संग सम्वन्धित कार्यक्रमहरु बिशेषतः आयमूलक तथा शिपमूलक तालीम र सचेतना कार्यक्रमहरुको प्रभाव मुल्यांकन प्रतिवेदनले सिफारिस गरिएका क्षेत्रमा सघन कार्यक्रमहरु तर्जुमा गरी सामाजिक संघसंस्था तथा अन्य पेशागत निकायहरुसंगको सहकार्यमा कार्यान्वयन गरिनेछ ।

४। विगतका वर्षहरु देखिनै UDLE तथा अन्य साझेदारहरुसंगको सहकार्यमा संचालित शहरी गरिवी न्यूनिकरण कार्यक्रम अन्तर्गतका साना पूर्वाधार तथा आय आर्जन, सिंचाई र अन्य क्षमता अभिबृद्धि तथा स्वरोजगारमूलक कार्यक्रमहरुलाई नगरपालिका **अनुदान संचालन कार्यविधि २०६७** अनुसार लक्षित क्षेत्र बिकास अन्तर्गत महिला, वालवालिका, आदीवासी, जनजाती, दलित, अपांग, जेष्ठ नागरिक, मधेसी, मुस्लिम, पिछडिएका र पछाडी पारिएका वर्ग उत्थान कार्यक्रम अन्तर्गत निरन्तरता दिइनेछ ।

५। नैतिक तथा योग शिक्षालाई समुदायको आर्थिक तथा सामाजिक विकासको अभिन्न अंगको रुपमा अगाडी बढाउनुको साथै जडिबुटि खेती प्रवर्द्धन, बिकास, बिस्तारमा टोल संस्था लगायत अन्य सामाजिक संघसंस्थाहरुलाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

६। नगरपालिकाको स्वीकृत बालमैत्री नगर रणनीतिक योजना २०६७ अनुरुप निकृष्ठ बालश्रम न्यूनीकरण कार्यक्रम तथा बालश्रम न्यूनीकरण गर्ने कार्यमा CWISH, Plan Nepal /CWS र जिल्ला वाल कल्याण समिति जस्ता संस्थाहरुसंगको सहकार्यलाई निरन्तरता दिईनेछ ।

७। लागु औषध दुर्व्यसनी जस्ता कार्यको न्यूनीकरण गर्न त्यस सम्बन्धी संघ संस्थाहरुको सहकार्यमा कार्य गरिनेछ । साथै नगर एड्स समन्वय समितिलाई थप क्रियाशिल बनाईनेछ ।

८। शहरी गरिवी न्युनिकरणका लागि नगरपालिका साझेदारी बिकास कोषको स्वीकृत बिनियमावली अनुसार टोल बिकास संस्थाहरुको स्तरीकरण गरी Wholsale Lending प्रणालीलाइ थप प्रभावकारी बनाइनेछ ।

**(ग) समाबेशी विकास नीति :**

१। महिला, एकल महिला, वाल वालिका, दलित, जनजाती, अपाङ्ग, असहायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशील संघसंस्थामार्फत ती वर्गको सशक्तिकरणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२। विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवं सन्तुलित विकासको लागि ती क्षेत्रका समुदायले जुटाउनु पर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक विभेदको नीतिलाई निरन्तरता दिईनेछ ।

३। नगर क्षेत्रभित्र अनाथ बालबालिका, अपांग, सुस्त मनस्थिति, मानसिक सन्तुलन गुमाएका तथा बृद्ध बृद्धाको उचित व्यवस्थापन तथा स्याहारका लागि आवश्यक सेवा केन्द्र संचालन गर्ने संघसंस्थालाई सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

**(घ) शिक्षा, खेलकुद, साहित्य, कला र संस्कृति नीति :**

१। शिक्षा क्षेत्रमा भइरहेको नगरपालिकाको लगानीलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले तर्जुमा गरिएको **नगरस्तरीय शिक्षा रणनीति २०६७** अन्तर्गत गठित **नगर शिक्षा समन्वय इकाई** ले तयार गरेको कार्ययोजना अनुसार एकद्धार प्रणाली अन्तर्गत बिद्यायलयहरुको भौतिक पूर्वाधार बिकास तथा अन्य क्षमता बिकाससंग सम्बन्धित क्षेत्रमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२। नगरक्षेत्रभित्र एस.एल.सी.परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल बिद्यालय र छात्र छात्रालाई प्रदान गर्दै आएको बासुदेव स्मृति पुरस्कारलाई निरन्तरता दिइनेछ ।

३। नगरपालिका भित्र रहेको पुस्तकालयहरुको प्रभावकारी सञ्चाल गर्न सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४। नगर क्षेत्रको खेलकूद विकासका लागि आवश्यक पूर्वाधार विकास एवं सुधारका लागि जिल्ला खेलकुद समितिसंग सहकायलाई थप प्रभावकारी बनाइनेछ ।

५। साहित्य, कला र संस्कृतिको संरक्षण, प्रवर्द्धन तथा बिकासका लागि सम्बन्धित सरोकारपक्षहरुसंगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

६। राज्यको चौथो अंगको रुपमा स्थापित संचार जगतलाई सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७। आन्तरिक तथा वाह्य पर्यटन प्रवद्धन तथा बिकासका लागि नगरस्तरीय पर्यटन बिकास समिति गठन गरी मौजुदा सम्पदाको संरक्षण, जिर्णोद्धार एवं प्रचार प्रसारमा जोड दिइनेछ ।

**(४) सुशासन प्रर्वद्धन एवं संगठन विकास नीतिः**

१। नगरपालिकाको बर्तमान र भावी कार्यबोझ र उपलब्ध जनशक्ति तथा व्यवस्थापकीय क्षमता बिश्लेषणको आधारमा स्विकृत गरेको बर्तमान संगठन संरचनाले यस वर्ष कार्यरत कर्मचारीहरुमाझ बृत्ति बिकासको ठूलो अवसर प्रदान गरेको र सोही अनुसार जिम्मेवारीहरु पनि समायोजन भइसकेको अवस्थामा हाल तर्जुमाको चरणमा रहेको बृहत्तर हेटौडाको दिर्घकालिन लक्ष्य सहितको आवधिक योजनाले आत्मसात गर्न खोजेको शहरीकरणका क्षेत्रगत रणनीतिक लक्ष्य प्राप्तीका लागि बर्तमान संगठन संरचनामा समसामयिक परिमार्जन गरी समायोजन गर्ने तर्फ थप कार्य गरिनेछ ।

२। नगरपालिका र नागरिक वीचको सम्बन्ध बिकास तथा कार्यालय प्रतिको अपनत्व भावना प्रर्वद्धन गर्न नवनिर्मित प्रशासकीय भवनलाई **"नगर भवन"** नामाकरण गर्ने र नगरपालिका स्थापना वर्ष २०२६।..।...कायम .....गतेलाई नगरपालिका स्थापना दिवस मनाउने कार्यको थालनी गरिनेछ । यसै गरी

नगरपालिका र नागरिक बीचको सम्बन्ध सुधार र अन्य रचनात्मक सहकार्यका लागि युवा परिचालन कार्यक्रम संचालन गरिनेछ ।

३। नगरपालिकाको प्रतिक चिन्ह (Logo) स्विकृत भई प्रचलनमा समेत आइसकेको सन्दर्भमा आगामी बर्ष प्रशासकीय भवनको प्रवेश कक्षमा हेटौडाको प्रारुप (Miniature) तयारी गर्ने तर्फ पहल गरिनेछ ।

४। जनघनत्व तथा सेवाग्राहीहरुको चापको आधारमा हालको वडा कार्यालयको संरचनालाई परिमार्जन गरी केही वडाहरुलाई Pilot project को रुपमा स्तर बृद्धि गर्ने कार्यलाई निरन्तरता दिने र हाल केन्द्रबाट प्रवाह भइरहेको सेवालाई एकिकृत सेवा केन्द्र मार्फत सहज रुपमा प्रवाह गर्ने व्यवस्थाका लागि थप प्रयास गरिनेछ ।

५। नगरवासीहरुको नाममा जारी गरिएको नागरिक वडापत्र सबै तह तथा वर्गको पहुंचमा पुग्ने खालका कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

६। नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपांग, बृद्ध बृद्धा एवं दृष्टिविहिनहरुको लागि एकद्धार प्रणालीबाट उपलब्ध गराउने नीतिलाई थप प्रभावकारीता सहित निरन्तरता दिइनेछ ।

७। नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धि तथा मानवीय संसाधन विकास गतिविधिहरु एकद्धार प्रणाली अन्तर्गत संचालन गर्ने उद्देश्यले तर्जुमा भई नगरपरिषदबाट स्वीकृत नगर क्षमता बिकास (त्रिवर्षीय) योजना २०६७ मा हालसम्म भए गरेका क्रियाकलाप, त्यसले नगरपालिका तथा अन्य सरोकार निकायहरुको क्षमता बिकासमा परेको सकारात्म प्रभाव, समस्या र परिमार्जनका संभावित क्षेत्रहरु समेतको समिक्षा बिश्लेषणको आधारमा परिमार्जन गरिएको नगरपालिकाको परिमार्जित क्षमता बिकास योजना (पहिलो परिमार्जन) २०६८ स्वीकृत गरी त्यसले सिफारिस गरिएका एकिकृत क्षमता बिकास कार्यक्रमहरु चरणगत रुपमा कार्यान्वयन गरिनेछ ।

८। कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन पद्धतीलाई प्रभावकारी र बैज्ञानिक बनाई सेवामुखी एवं जवाफदेही बनाइनेछ ।

९। नगरपालिकाको वारुणयन्त्र, सरसफाई तथा अन्य जोखिमयुक्त काममा संलग्न कर्मचारीहरुलाई ध्यानमा राखी एक जोखिम व्यवस्थापन कोष स्थापना गरिनेछ र जोखिम न्युनिकरणसंग सम्बन्धित उपकरण तथा कार्यालयको कामको सिलसिलामा आइपर्ने आकस्मिक जोखिम सम्बन्धी दायित्व यसै कोष मार्फत व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

१०। काठमाडौ वाहेक मध्यमान्चल भित्रका १० नगरपालिकाहरु बीच अनुकरणीय कामहरु सम्बन्धी अनुभव आदान प्रदान गर्ने र सोही माध्यमबाट क्षमता अभिबृद्धि गर्ने उद्देश्यले स्थाना भएको नगरपालिकाहरुको क्षत्रीय संजाल नगरपालिका क्षेत्रीय अध्ययन केन्द्र, मध्ये क्षेत्रको सचिवालय यस नगरपालिकामा रहेको हुंदा केन्द्रको संस्थागत बिकास तथा केन्द्र मार्फत संचालन गरिने कार्यक्रमहरुलाई सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

११। नगरपालिकाबाट सम्पादन हुने कामहरुलाई थप प्रभावकारी बनाउन स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम बिषयगत र क्षेत्रगत निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१२। नगरपालिकाबाट सम्पादन हुने कामहरुलाई थप प्रभावकारी बनाउन स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम बिषयगत र क्षेत्रगत कोषहरु क्रमशः स्थापना गरी संचालनमा ल्याउने नीतिलाई निरन्तरता दिइनेछ ।

१३। नेपाल सरकारबाट जारी गरिएको नगरपालिकाहरुको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) निर्देशिकालाई सबै शाखा, उपशाखा, तथा इकाईहरुको कार्यसम्पादनको आधार बनाईनेछ ।

१४। पारदर्शीता एवं सुशासनका लागि नगरपालिकासंग सम्बन्धित सूचनाहरुलाई बिद्युतीय तथा छापा संचार माध्यमबाट सार्वजनिकीकरण गर्ने कार्यक्रमलाई प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।

१५। समुदायस्तरका विवादहरु समुदायस्तरबाट नै समाधानका लागि कानून अन्वेषण तथा श्रोत बिकास केन्द्र सेलर्डसंगको सहकार्यमा संचालनमा रहेको समुदायमा आधारित मेलमिलाप केन्द्रलाई थप प्रभावकारी र दिगो बनाउन समुदायमा आधारित मेलमिलाप केन्द्र संचालन निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याउन गृहकार्य गरिनेछ ।

१६। सुशासन प्रर्वद्धन तथा संस्थागत बिकाससंग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन सम्बन्धी सम्पूर्ण तथ्यांक नगरपालिका सूचना प्रणाली (Municipal Informations System MIS मा आवद्ध गरी अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।

## रणनीति

आर्थिक बर्ष २०६८।०६९ को बार्षिक नीति, कार्यक्रम तथा बजेटले परिलक्षित गरेको उद्देश्य प्राप्तीको लागि देहाय अनुसारको रणनीतिलाइ थप प्रभावकारी सहित निरन्तरता दिइनेछ ।

१। राजनैतिक सहकार्य र समझदारीमा जोड दिने ।

२। जिम्मेवार र उत्तरदायी स्थायी राजनैतिक सयन्त्र निर्माणको लागि नेपाल सरकार स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने ।

३। नगरपालिकाको संगठनात्मक संरचनालाई कार्यवोझको आधारमा सेवामुखी बनाउन समसामयिक परिमार्जन सहित अद्यावधि गर्ने ।

४। आधारभूत सेवा तथा पूर्वाधार बिकासमा समन्वय, सहकार्य, सहभागिता र साझेदारीको अवधारणालाई थप प्रभावकारी बनाउने ।

५। कर तथा गैर कर राजश्वका नयां क्षेत्रहरुको पहिचान र अधिकतम परिचालन र उक्त कार्यका लागि सरोकारवालाहरुसंगको सहकार्यमा जोड दिने ।

६। ठूला योजनाहरुको सम्भाव्यता अध्ययन एवं डिजाइन लागि बिज्ञ परामर्श दातृ संस्थाहरुको सेवा लिने ।

७। टोल विकास संस्था लगायतका नगरपालिकाको सहयोगी अंगहरुलाई एकिकृत गरी एकिकृत संजाल निर्माणमा जोड ।

८। लक्षित तथा बिशेष लक्षित क्षेत्रमा क्रियाशील संघसंस्थाहरुसंगको सहकार्य र साझेदारीमा जोड  दिने ।

९। समावेशी र सन्तुलित विकासको लागि सामाजिक परिचालनमा जोड दिने ।